महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
बराहताल गाउँपालिका
सुर्खेत

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या:२०७६/७७
च.नं ६१

मिति: २०७७/३/२९

श्री अध्यक्षज्यू,
बराहताल गाउँपालिका,
सुर्खेत ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश न.५,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश

पत्र संख्या:०७६।७७
च.नं ६४

मिति: २०७७।३।२९

विषय: लेखापरीक्षण प्रतिवेदन

श्री अध्यक्षज्यू,
बराहताल गाउँपालिका,सुर्खेत ।

कैफियत सहितको राय

हामीले बराहताल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २२ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६९ लाख ५५ हजार र पेश्की रु.२ करोड ८ लाख २६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।८।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (३०) यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

बराहताल गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचयः–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत १० वडा रहेको, ५४ सभा सदस्य, ४५५.०९व.की.मी. क्षेत्रफल, २६८०२जनसंख्या, कर्णाली प्रदेशमा अवस्थित छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गांउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :–

बिबरण	रकम		बिबरण	रकम	
गत आ.ब.२०७४/०७५ बजेट बाँकी अ.ल्या.		७१८४५२५४.१८	बित्तिय समानीकरण खर्च		२१६१०३४७९.६७
क) गाउँपालिका बिभिन्न शिर्षकको अ.ल्या	७१८४५२५४.१८		क) चालु खर्च	८६०२४४९१.६७	
आ.ब.२०७४/०७५ मा श्रोत खुल्न नसकेको अ.ल्या		१३९६०३.००	ख) पूजिगत खर्च	१२३९७१६८१.००	
आ.ब.२०७४/०७५ को संघिय राजश्व खातामा फिर्ता गर्नु पर्ने रकम		५०६११.००	ग) वडा संचालन खर्च	६१०७३०७.००	
आ.ब.२०७४/०७५ को बहाल कर दाखिला गर्न बाँकी		३३००.००	शसर्त अनुदान खर्च		१५१४०८५१३.६४
संघिय सरकार		४०४९६६७२६.९६	क) कृषी/पशु तर्फ खर्च	३४९३७६३.९०	
अन्तर सरकारी बित्तिय हस्तान्तरण			ख) शिक्षा तर्फ खर्च	१२५२२६७०१.०२	
क) बित्तिय समानीकरण	९९५०००००.००		ग) स्वास्थ्य तर्फ खर्च	२०६६६९४७.०२	
ख) शसर्त अनुदान	१५८५७४०००		घ) शसर्त अनुदान उर्जा/ बाताबरण	१४७८१००.००	
ग) बिशेष अनुदान	२३४५००००.००		ङ) शसर्त अनुदान महिला	५४३००१.७०	
ब.उ.शि.नं.३१२२०५३(गरिब संग बिश्वेश्वर कार्यक्रम)	३९४०००.००		बिशेष अनुदान		२३४२३७७५.००
ब.उ.शि.नं.३६५१५८३(प्रदेश तथा स्थानीय तह क्षमता बिकास कार्यक्रम)	३०५०००.००		ब.उ.शि.नं.३१२२०५३(गरिब संग बिश्वेश्वर कार्यक्रम)		३९४०००.००
ब.उ.शि.नं.३६५८०९४(झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम)	१२७४७८.००		ब.उ.शि.नं.३६५१५८३(प्रदेश तथा स्थानीय तह क्षमता बिकास कार्यक्रम)		३०५०००.००
ब.उ.शि.नं.३६५१६०३(स्थानीय पुर्वाधार बिकास साझेदारी कार्यक्रम)	७५८५९२६.००		ब.उ.शि.नं.३६५१५८३(प्रदेश तथा स्थानीय तह क्षमता बिकास कार्यक्रम) गा.पा. म्याचिङ्ग		१०५०००.००

ब.उ.शि.नं.३७११०८३(प्रधानमन्त्री रोजगार कार्यक्रम)	२५८१८९७.००		ब.उ.शि.नं.३६५८०९४(झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम)		१२७४७८.००
ब.उ.शि.नं.३६५०१५३(सामाजिक सुरक्षा कार्यक्रम)	४३८८००००.००		ब.उ.शि.नं.३६५१६०३(स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम)		७५८५९२६.००
राजश्व बाडफाँड बाट प्राप्त रकम	६८५६८४२५.९६		ब.उ.शि.नं.३७११०८३(प्रधानमन्त्री रोजगार कार्यक्रम)		२५८१८९७.००
प्रदेश सरकार		२०५६४१६३.००	ब.उ.शि.नं.३६५०१५३(सामाजिक सुरक्षा कार्यक्रम)		४३८८००००.००
क) समानिकरण अनुदान	५२२५०००.००		प्रदेश सरकार		
ख) समपुरक अनुदान	५१८९१६३.००		ख) समपुरक अनुदान		१६२१६५६.००
ग) ब.उ.शि.नं.७०६३३३५१४(डिजिटल स्कुल)	१२५००००.००		ख) १ समपूरक गा.पा.को म्याचिङ्ग		१०८११०४.००
घ) ब.उ.शि.नं.७०६३३३५१३(बाढीपहिरो पुनर्स्थापना)	६९०००००.००		ग) ब.उ.शि.नं.७०६३३३५१४(डिजिटल स्कुल)		१२५००००.००
ङ)ब.उ.शि.नं.७०६३७३५१४(गुम्बा)	२००००००.००		घ) ब.उ.शि.नं.७०६३३३५१३(बाढीपहिरो पुनर्स्थापना)		६९०००००.००
जि.स.स.बाट प्राप्त		२९८९३३९.००	ङ)ब.उ.शि.नं.७०६३७३५१४ (गुम्बा)		२००००००.००
क) स्थानीय बिकास कोषको रकम	४८९३३९.००		जि.स.स.विद्यालय भवन निर्माण		२५०००००.००
ख) विद्यालय भवन निर्माण	२५०००००.००		अन्य निकायबाट प्राप्त(सुन्दर नेपाल सस्था)		३०००००.००
अन्य निकायबाट प्राप्त(सुन्दर नेपाल सस्था)		३०००००.००	मर्मत सम्भार कोष खर्च		१२८३१६४.००
मर्मत सम्भार कोष आम्दानी		४२८४२३५.००	धरौटी फिर्ता		३५३४६५३.००
गत आ.ब.२०७४/०७५ बजेट बाँकी अ.ल्या.	१८९०५६६.००		उपभोक्ता लागत सहभागीता खर्च		१७९७०३३.००
यस बर्षको आम्दानी	२३९३६६९.००		कन्टीजेन्सी खर्च		१५६३६८८.००
धरौटी आम्दानी		६६५२५२२.००	ढुङ्गा गिट्टी बालुवा संकलन आम्दानी(बिभाज्यकोष खाता)		६९८१९००.००
गत आ.ब.२०७४/०७५ बजेट बाँकी अ.ल्या.	६१६४३०.००		कुल जम्मा खर्च		४७६७२८२६७.३
यस बर्षको आम्दानी	६०३६०९२.००		बाँकी मौज्दात		५५९४८०७६.४०
उपभोक्ता लागत सहभागीता		१७९७०३३.००	चालु खाता ६९०१०१७५०००३५	६०१३२२११.६१	
कन्टीजेन्सी आम्दानी		१७३४४६८.००	पूजिगत खाता ६९०१०१७५०००३६	०.००	
आन्तरिक आम्दानी		७५८९५९८.७०	धरौटी खाता ६९०१०१७५०००३७	२९४३९०९.००	
ढुङ्गा गिट्टी बालुवा संकलन आम्दानी(बिभाज्यकोष खाता)		९६३८४५९.००	कर्मचारी कल्याण कोष खाता ६९०१०१७५०००३८	०.००	

कर्मचारी कल्याणकारी कोष		६००००.००	मर्मत सम्भार कोष खाता ६९०१०१७५०००३९	२०८१३७९.००	
श्रोत नखुलेको आम्दानी		६१०३०.८७	दैवी प्रकोप ब्यबस्थापन कोष खाता ६९०१०१७५०००४०	३०००००.००	
			संचितकोष खाता ६९०१०१७५०००४१	४८२३३९५४.३४	
			बिभाज्य कोष खाता ६९०१०१७५००१८५	३४६९०९४.००	
			जम्मा हुन बाँकी रकम	४४२७९९८८.००	
			कुल जम्मा	१६१४४०५३५.९५	
			चेक साटन बाँकी रकम	-१०५२४०९४३.२७	
			कर लगायत बिभिन्न रकम दाखिला गर्न बाँकी	-२५१५१६.२८	
			बाँकी मौज्दात	५५९४८०७६.४०	
कुल जम्मा		५३२६७६३४३.७१	**कुल जम्मा**	**५३२६७६३४३.७१**	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
१.	**बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । २०७५ साल आषाढ १० गते गाउँ सभाको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा २०७५ आषाढ ३० गते पारित गरेको र उक्त गाउसभा बैठक गाउपालिकाको केन्द्र तोक्ने विषयमा विवाद भै २०७५ असोज २५ गते अन्तय गर्ने निर्णय भएको देखियो । ऐनमा व्यवस्था भएको समयसीमा भित्र निर्दिष्ट ढाँचामा पारित गर्ने व्यवस्था गर्नु पर्दछ ।	
२.	**आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन । • **जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यान्वयन गरेको छैन । ● **जोखिम पहिचान:** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । ● **योजना सन्चालन:** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन । ● **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन । ● **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । ● **स्पेशिफिकेशन र मूल्य नखुलाएको:** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ । ● **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ्ग आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन । ● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ । ● **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ	
३.	**श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सीमा निर्धारण तथा प्राथमिकिकरणको सन्तुलित विवरणको खाका पेश गरेको देखिएन । आयको प्रक्षेपण समूचित ढंगले गरेको छैन ।	
४.	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । समिति गठन नगरेकाले दोहोरोपना नभएको, तादात्म्यता र परिपुरकता मिलेको यकिन गर्ने अवस्था छैन ।	
५.	**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वियनमा ल्याएको देखिएन ।	
६.	**योजनामा ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । गाउँपालिकाबाट यस वर्ष सञ्चालित ५ लाख भन्दा कम विनियोजन भएका योजनाको सुचि माग गरेकोमा पेश भएन । गाउँपालिकाले निर्देशिका विपरित रु.५ लाख भन्दा कमका विभिन्न आयोजनामा बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता आयोजना धेरैजसो वितरण मूखी र अनुत्पादक रहेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।	
७.	**स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
८.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
९.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँपालिकाक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । डम्पिंग साईड निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन ।	
१०.	**सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने भएकाले विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
११.	**लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । यो वर्ष गाउँपालिकाले सञ्चालित कार्यकमको प्रगति विवरण पेश नगरेकाले लक्ष्यनुसार प्रगति भएको बिश्लेषण गर्न सकिएन । चौमासिक प्रगति विवरण तयार गरि लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१२.	**घटि जिम्मेवारी**-गत वर्षको बैक मौज्दात रु.७४३५२२५०।१८ रहेकोमा यस वर्ष रु.७२०३८७६८।१८ सारेकाले रु.२३१३४८२/- घटि जिम्मेवारी सारेको छ । घटि जिम्मेवारी सारेको कारण स्पस्ट भएन ।	
१३.	**चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई उपलव्ध गराइएको ढांचानुसारको अनुसुचि लगायत चौमासिक प्रगति विवरण पेश भएन ।	
१४.	बैक हिसाब–कार्यालयले बैक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ । यस बर्ष कार्यालयले रु.५५९४८०७६।४० को बैक मौज्दात देखाएकोमा सोको पुष्टि गर्ने बैक	

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सर्टिफिकेट पेश भएन । यसर्थ श्रेस्तानुसारको बैक मौज्दात यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१५.</td><td>सशर्त अनुदान- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको शशर्त अनुदान आषाढ मसान्तसम्म खर्च हुन नसकेको रु.७९८०१११।३६ संघिय सञ्चित कोषमा २०७६।५।२६ मा फिर्ता भएको देखिन्छ ।
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>शशर्त अनुदान फिर्ता</td><td>७१६५४८६.३६</td></tr>
<tr><td>विशेष अनुदान फिर्ता</td><td>२६२२५</td></tr>
<tr><td>सामाजिक सुरक्षा फिर्ता</td><td>७८८४००</td></tr>
<tr><td>जम्मा</td><td>७९८०१११.३६</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फ :</td><td></td></tr>
<tr><td>१६.</td><td>शिक्षक दरबन्दी मिलान नगरेको: विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान गर्नु पर्दछ । पेश भएको शैक्षिक दर्पण अनुसार कक्षा १ देखि १२ सम्म कूल विद्यार्थी संख्या ७२८७ र शिक्षक संख्या (स्थायी,अस्थायी ,राहत र निजी स्रोत १२१ समेत) ३०६ जना रहेबाट प्रति शिक्षक विद्यार्थी अनुपात १:२४ रहेको छ । पहाडी जिल्लामा १:४५ हुने हुँदा सो अनुसार १६२ शिक्षक आवश्यक पर्ने हुन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात मिलाउदा दरबन्दीकै शिक्षक बढी हुनेमा निजी स्रोतमा थप १२१ शिक्षक समेत समावेश गर्दा कूल शिक्षक मध्ये १४४ जना शिक्षक बढी देखिन्छ । यसबाट प्रा .वि र नि .मा .वि स्तरका शिक्षकको बार्षिक रु ४,२७,४७,१२०।०० थप व्ययभार परिरहेको छ । अत: शिक्षक विद्यार्थी अनुपात मिलाई शिक्षक दरबन्दी मिलान गर्नु जरुरी छ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>निशुल्क पाठ्यपुस्तक : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम विद्यालयगत विद्यार्थीलाई तोकिएको दररेटको आधारमा प्रथम पटक कूल रकमको ७५ प्रतिशत निकासा दिनुपर्ने र बाकी नपुग रकम पाठ्यपुस्तक खरिद गरेको विलभर्पाईको आधारमा बाकी २५ प्रतिशत रकम निकासा दिने व्यवस्था भएकोमा विद्यालयले विद्यार्थी पेश नगरेकै अवस्थामा निशूल्क पाठ्यपुस्तक वापतको रकम निम्नानुसार निकासा दिएको छ । सुरुमा भर्ना भएका विद्यार्थीहरु धेरै संख्यामा विद्यालय छाड्ने गरेको व्यहोरा गाउँपालिकाको शैक्षिक दर्पणमा उल्लेख भएको हुँदा भर्ना भएका सबै विद्यार्थी संख्याको हिसाबले विल वेगर नै रकम निकासा गरेकोले यस सम्बन्धमा यकिन हुन सकिएन । अत: विद्यार्थीलाई पाठ्यपुस्तक खरिद गरी वितरण भएको सुनिश्चित गराउनु पर्ने देखिएको छ ।
<table>
<tr><td>भौचर नं मिति</td><td>निकासा रकम</td></tr>
<tr><td>६/०७५/१२/१०</td><td>१९३५१८०.२५</td></tr>
<tr><td>६/०७५/१२/१०</td><td>२०००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१३/०७६/१/२०</td><td>२६०५१</td></tr>
<tr><td>२०/०७६/३/१७</td><td>६७५८४९</td></tr>
<tr><td>जम्मा</td><td>२८३७०८०.२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.</td><td>
बूक कर्नर :कार्यकम कार्यान्वयन पुस्तिका २०७५।७६को कियाकलाप नं २.१५.११.७७० मा बूक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत दर तोकिएको छ । प्रति विद्यार्थी लागतको आधारमा बूक कर्नर वापतको रकम निकासा दिँदा तोकिएको दररेटमा (कक्षा १ देखि ५ सम्म रु १५०।००, कक्षा ६ देखि ८ सम्म रु २००।०० ,कक्षा ९,१० रु २००।०० कक्षा ११,१२ रु २५०।००) वास्तविक विद्यार्थी संख्याले गुणा गरी दिनुपर्नेमा कूल विद्यार्थी संख्याभन्दा बढी विद्यार्थी देखाई निकासा दिएकोले बढी निकासा दिएको रकम असूल हुनुपर्ने रु..........
<table>
<tr><th>कक्षा १-५</th><th>कक्षा ६-८</th><th>कक्षा ९-१०</th><th>.कक्षा ११,१२</th><th>दिनुपर्ने रकम रु.</th><th>दिएको रक रु.</th><th>बढी दिएको रकम रु.</th></tr>
<tr><td>३७१२</td><td>२१२१</td><td>११०१</td><td>३२०</td><td>१२८०८००</td><td>१२८४९००</td><td>४१००</td></tr>
</table>
</td><td>४१००/-</td></tr>
<tr><td>१९.</td><td>
छात्रबृति : कार्यकम कार्यान्वयन पुस्तिका २०७५।७६ को कियाकलाप नं २.१५.११.७७२ मा सामुदायिक विद्यालयका माध्यमिक तथा आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गरी गैर आवासीय छात्रबृति दिने व्यवस्था छ । त्यसै गरी छात्रबृति सूचकमा छात्रबृति पाउने विद्यार्थी संख्या,निर्णय पुस्तिका,छात्रबृति वितरण भर्पाई, छात्रबृति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले सो वेगर नै छात्रबृति रकम निकासा गरेको छ ।

कक्षा १ देखि ८ सम्मका दलित छात्रा छात्रलाई रु ४००।०० का दरले र कक्षा ९ र १० का दलित छात्रालाई रु ५००।०० का दर र अन्य विपन्न गैर आवासीयलाई रु ४००।०० का दरले छात्रबृति उपलव्ध गराएको छ । पेश भएको विद्यार्थी विवरण अनुसार कक्षा १ देखि १० सम्म ६९३४ विद्यार्थी रहेको देखिन्छ । सो मध्ये ३५८४ अर्थात ५१.६८ प्रतिशत छात्रा र ४८.३२ प्रतिशत छात्र रहेको र कूल छात्रा मध्ये ३५.४९ प्रतिशत दलित रहेको देखिन्छ । दलित छात्र,विपन्न छात्र बाहेक निम्नानुसार छात्राहरुलाई छात्रबृति उपलव्ध गराउनु पर्ने देखिएको छ । निकासा दिएको छात्रबृति रकम फरक परेको विवरण समेत कमशः निम्नानुसार छन्:
<table>
<tr><th>कक्षा</th><th>दलित छात्रा</th><th>अन्य छात्रा</th><th>कूल छात्रा</th><th>दलित छात्राबृति रु</th><th>अन्य छात्रा छात्रबृति</th><th>जम्मा छात्र बृति रु</th></tr>
<tr><td>१</td><td>१६३</td><td>२६०</td><td>४२३</td><td>६५२००</td><td>१०४०००</td><td>१६९२००</td></tr>
<tr><td>२</td><td>१५३</td><td>२४३</td><td>३९६</td><td>६१२००</td><td>९७२००</td><td>१५८४००</td></tr>
<tr><td>३</td><td>१२८</td><td>२०५</td><td>३३३</td><td>५१२००</td><td>८२०००</td><td>१३३२००</td></tr>
<tr><td>४</td><td>१६४</td><td>२१७</td><td>३८१</td><td>६५६००</td><td>८६८००</td><td>१५२४००</td></tr>
<tr><td>५</td><td>१५६</td><td>२१५</td><td>३७१</td><td>६२४००</td><td>८६०००</td><td>१४८४००</td></tr>
</table>
</td><td></td></tr>
</table>

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम

६	१६०	२४४	४०४	६४०००	९७६००	१६१६००
७	१०१	२५६	३५७	४०४००	१०२४००	१४२८००
८	१०१	२३८	३३९	४०४००	९५२००	१३५६००
१-८ जम्मा	**११२६**	**१८७८**	**३००४**	**४५०४००**	**७५१२००**	**१२०१६००**
९	१०७	२८२	३८९	५३५००	११२८००	१६६३००
१०	३९	१५२	१९१	१९५००	६०८००	८०३००
९-१०जम्मा	**१४६**	**४३४**	**५८०**	**७३०००**	**१७३६००**	**२४६६००**
१-१० जम्मा	**१२७२**	**२३१२**	**३५८४**	**५२३४००**	**९२४८००**	**१४४८२००**

(क) यस वर्ष निकासा भएको छात्रबृति विवरण:

भौचर नं मिति	विवरण	रकम
१३/०७६/१/२०	विपन्न लक्षित गैर आवासीय छात्रबृति	१६८९६००
१३/०७६/१/२०	कक्षा १ देखि ८ सम्म छात्रा छात्रबृति	७५८४००
१३/०७६/१/२०	कक्षा १ देखि ८ सम्म दलित छात्रबृति	८९१२००
२०/०७६/३/१७	विपन्न लक्षित नपुग छात्रबृति	१७१००
२५/०७६/३/२३	विपन्न लक्षित छात्रबृति	८४००
	जम्मा	३३६४७००/-

२०. बराहताल गाउँपालिकाको शैक्षिक दर्पणमा २०७५ को विद्यालयगत विद्यार्थी विवरण अनुसार कूल विद्यार्थी संख्या ६९३४ रहेको , सो मध्ये दलित र अन्य गरी कूल छात्रा ३५८४ बाँकी ३३५० अन्य छात्र रहेकोमा छात्रा ३५८४ लाई रु.१४४८२००।०० छात्रबृति चाहिने हुँदा कूल निकासा दिएको रु ३३६४७००।०० मध्ये बाँकी रु १९१६५००।०० लाई कक्षा १ देखि ८ सम्मका कूल विद्यार्थी ५८३३ मध्ये छात्रा र दलित छात्रा संख्या २६७१ घटाउँदा १ देखि ८ मा ३१६२ कूल विद्यार्थी बाँकी रहन्छन् सो मध्येबाट दलित र विपन्न छनौट गरी रु ४००।०० का दरले छात्रबृति दिनुपर्नेमा सबै विद्यार्थीलाई वितरण गरेपनि रु.१२६४८००।०० ले पुग्ने देखिन्छ । तर उक्त बाँकी विद्यार्थीका लागि रु १९१६५००।०० निकासा भएको छ । अत: यस सम्बन्धमा तथ्यांक यकिन गरी छात्रबृति बुझाएको अनुगमन निरीक्षण गरी बढी निकासा दिएको रकम असूल हुनुपर्ने रु.... ६५१४००/-

२१. **बढी निकासा :**विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावधिक विवरण र शिक्षकको बिद्यालय किताबखानाबाट पारित तलवी प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यथार्थतता यकिन गर्ने स्थिती छैन । दरबन्दी बमोजिमका शिक्षकहरुलाई नियमित हाजिर भएको हाजिरी प्रमाणित गरी तलब भता भुक्तानी दिनु

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पर्दछ । निम्नानुसारका विद्यालयलाई मागफारामभन्दा बढी रकम विद्यालयको खातामा जम्मा गरिदिएकोले बढी निकासा दिएको रकम यकिन गरि असूल हुनुपर्दछ ।
<table>
<tr><td>विद्यालयको नाम</td><td>माग गरेको</td><td>निकासा दिएको</td><td>बढी निकासा</td></tr>
<tr><td>जनज्योती प्रा. वि .(७६०१)</td><td>२३८५००</td><td>२६१०००</td><td>२२५००</td></tr>
<tr><td>भानु प्रा .वि. (९२०१)</td><td>१६९६५०</td><td>१७५४८०५</td><td>१५८४८५१.५</td></tr>
<tr><td>जनजागृति आ .वि. (३६०१)</td><td>२३८५००</td><td>२८८५००</td><td>५०५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६५७८५१.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.</td><td>शिक्षण सिकाइ सहयोग अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.६३६ मा साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । यस वर्ष ४ विद्यालयलाई रु. ३६६०००।०० का दरले रु. १४६४०००।०० निकासा दिएको छ । पालिका तर्फबाट ३० विद्यालयलाई रु. ३७०००० निजि स्रोतका शिक्षकको पोशाक खर्च समेत कूल रु.१८३४०००निकासा दिएको छ । शिक्षक विद्यार्थी अनुपात तुलना गर्दा १४४ जना शिक्षक बढी कार्यरत भएको अवस्थामा दरबन्दी मिलान नगरी निजी स्रोतका शिक्षक थप गर्दै गएकोले थप व्ययभार परेको रु......</td><td>१८३४०००/-</td></tr>
<tr><td>२३.</td><td>पुस्तकालय,विज्ञान प्रयोगशाला , आइ सि टि ल्याव : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन नियम,आयकर ऐनको प्रक्रिया अवलम्बन गर्नुपर्ने उल्लेख भए बमोजिम निम्नानुसारका विद्यालयलाई उपलब्ध गराईएको अनुदानको प्रमाण कागजात पेश नभएकोले नियमानुसार तोकिएको प्रक्रिया अपनाई कार्य सम्पन्न गरेको प्रमाण कागजात पेश हुनुपर्ने रु........
<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>निकासा रकम</td></tr>
<tr><td>जनजागृति मा. वि. दमार</td><td>आइ सि टि ल्याब</td><td>६५००००</td></tr>
<tr><td>भेरी मा. वि.</td><td>पुस्तकालय स्थापना</td><td>६५००००</td></tr>
<tr><td>सरस्वती मा. वि. चेपाङ्ग</td><td>पुस्तकालय स्थापना</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९५००००/-</td></tr>
</table></td><td>१९५००००/-</td></tr>
<tr><td>२४.</td><td>उत्कृष्ट सिकाई उपलव्धी : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७८६ मा उत्कृष्ट सिकाई उपलव्धी हासिल गरेका विद्यालयलाई प्रति विद्यालय रु. ५००००।०० का दरले सहयोग अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस शीर्षकमा रु.४५००००।०० खर्च लेखेकोमा ५ विद्यालयलाई रु. ५००००।०० का दरले र जनजागृति मा .वि. दमारलाई रु. २०००००।०० निकासा दिएको छ । अतः नर्म्सभन्दा बढी निकासा दिएको रकम असूल हुनुपर्ने रु...</td><td>१५०००/-</td></tr>
<tr><td>२५.</td><td>नमूना विद्यालय गुरुयोजना : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७८४ मा नमूना विद्यालयको रुपमा छनौट भई सञ्चालनमा रहेका</td><td></td></tr>
</table>

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	विद्यालयले गुरुयोजनाले तोकेका क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु खरिद दिग्दर्शन,सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही गर्नु पर्ने उल्लेख छ । नमूना विद्यालयको रुपमा सञ्चालित जनज्योति मा. वि. ले रु २२,१६,०२४।०० को कम्पाउण्डवाल निर्माणको कार्य सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । भौचर न. २६।०७६।३।३० बाट उक्त विद्यालयलाई रु. ९८,७१,९७६।०० निकासा दिई च .नं. २५६९ मिति २०७६।३।३१ को पत्रबाट सो रकम खातामा जम्मा गरी खाता रोक्का गरिदिन सम्बन्धित बैंकलाई पत्र पठाएको छ । यस सम्बन्धमा मदनभण्डारी मार्गको सडक चौडा हुने गरी डि. पि. आर. तयार भएकोले सो बमोजिम विद्यालयले नयाँ निर्माण गरेको कम्पाउण्डवाल तथा नयाँ निर्माण गरिने भवनको जमिन समेत सो सडकमा पर्ने भएकोले रकम रोक्का राखेको जानकारी प्राप्त भयो । सो रकम स्वीकृत गुरुयोजना बमोजिम मात्र खर्च गर्न पाइने हुनाले काम हुन नसक्ने अवस्थामा रकम निकासा दिन नमिल्ने देखिएकोले उक्त रकम फिर्ता प्राप्त गर्नु पर्ने रु	९८७१९७६/-
२६.	जनजागृति मा. वि. (सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) लाई नमूना विद्यालय सुधार गुरुयोजना अन्तर्गत भौतिक निर्माण अनुदान भनी भौचर नं. ९।०७६।१।११ बाट रु. २९,१२,०००।०० निकासा दिएकोमा उक्त रकम विद्यालयको खातामा दाखिला गरेको प्रमाण पेश भएको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को अनुसूचि ६ को सि. नं. २००,२०१ र २०२ मा ने. रा. मा. वि. गुर्भाकोट, जन मा. वि. विरेन्द्रनगर र जनज्योति मा .वि. बड्डीचौर, बराहताल मात्र उल्लेख भएकोले जनजागृति मा. वि. को नमूना विद्यालय गुरुयोजना स्वीकृत भएको देखिएन । यस सम्बन्धमा निकासा दिएको रकम दिन मिल्ने आधार प्रमाण पेश गर्ने,उक्त रकम विद्यालयको खातामा जम्मा भएको बैक प्रमाण पेश गर्ने ,र निकासा दिन मिल्ने अवस्थामा सो को कार्य सम्पन्न भएको प्रमाण र निकासा दिन मिल्ने प्रमाण नपुगेको अवस्थामा सो रकम असूल गरी बेरुजू दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..............	२९१२०००/-
२७.	**बाल विकास तर्फ :** शिशु कक्षा संञ्चालनका लागि कम्तिमा २० जना बालबालिका बराबर एक जना सहयोगी कार्यकर्ताको पारिश्रमिक दिनुपर्ने ,प्रत्येक ६।६ महिनामा निरीक्षण अनुगमन गरी विद्यार्थी घटबढको आधारमा सहयोगी कार्यकर्ताको दरवन्दी समायोजन गर्नूपर्दछ ।फ्लाश रिपोर्टमा विद्यार्थीको विवरण नभएको वाल विकास केन्द्रलाई अनुदान दिन नमिल्ने कार्यक्रम कार्यान्वयन पुस्तिका ०७५।७६ मा उल्लेख छ । बाल विकास केन्द्रमा ७९७ बालबालिका रहेको विवरण प्राप्त भएको छ । सो बमोजिम ४० जनासम्म सहयोगी कार्यकर्ताको रु. ३५२००००।०० खर्च हुन सक्नेमा ४७ जनाको लागि रु. ४१,३६,०००।०० निकासा दिएकोले आवश्यकताभन्दा रु. ६,१६,०००।०० बढी खर्च भएको छ । आवश्यकभन्दा बढी सहयोगी कार्यकर्ता राखी बढी व्ययभार पारेकोले सम्बन्धित निकायको नियन्त्रण हुनुपर्ने देखियो ।	
२८.	यस आ.ब.मा शिशु कक्षाका विद्यार्थी विवरणको फ्लाश रिपोर्टमा ७९७ बाल बालिका रहेको विवरण पेश भएको छ । प्रति विद्यार्थी लागत रु.५००।०० का दरले रु. ३,९८,५००।०० निकासा दिनुपर्ने देखिन्छ । विद्यार्थी विवरण संलग्न नगरी भौचर नं ३।०७६।१०।२ बाट NON SALARY BOOK CORNER बापत रु.४,१९,५००।०० निकासा दिएकोले बढी निकासा गरेको रकम असूल हुनुपर्ने रु..	२१०००/-
२९.	**सोझै खरिद** : सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु. पाँच लाख सम्मको मालसामान, सेवा ,निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम

तर यस्तो सोझै खरिद कार्य एउटा विक्रेता वा सेवा प्रदायक संस्थासँग एक पटक सोझै खरिद गरेपछि पुन: सोही विक्रेतासँग खरिद गर्न नमिल्ने व्यवस्था छ । यस वर्ष एउटै विक्रेतासँग नियमको सीमाभन्दा बढीको सामान पटक पटक सोझै खरिद गरेको र बोलपत्र नगरी साना साना टुक्रा पारी खरिद गरको नियम सम्मत देखिएन ।

कार्यक्रम	भौ.न.,मिति	सामान	रकम रु...
स्वास्थ्य	३१/०७६/२/१५	औषधी	४९७४२०
स्वास्थ्य	५२/०७६/३/१८	औषधी	२३७३४२
कृषि पशु	३४/०७६/३३१	कृत्रिम गर्भाधानका सामान	१२००००
चालुकोष	२२/०७५/७/९	आलुको विउ	१४०४००
चालुकोष	४२/०७५/७/१५	शैक्षिक सामग्री	१०००००
चालुकोष	४३/०७/२८	जेष्ठनागरिक सामान	१६००००
चालुकोष	७८/०७५/८/१७	दैवी प्रकोप सामान	१९८०२०
चालुकोष	९७/०७५/९/१२	शैक्षिक सामग्री	४००००
चालुकोष	११६/०७५/१०/१७	सोरठी,टप्पा लगायतका सामान	१६८४९५
चालुकोष	१२३/०७५/१०/१०	पशु औषधी	९७१२०
चालुकोष	१५२/०७५/११/२	कार्यालय सामान	२६२६१२
चालुकोष	१६९/०७५/११/९	आलुको विउ खरिद	५८९२५०
चालुकोष	१८८क/०७५/११/२१	प्लाष्टिक टनेल	४९२९९९
चालुकोष	२६६/०७५/१२/१०	स्वीटर ज्याकेट	२५९१००
चालुकोष	४१२/०७६/२/१७	स्टेशनरी	१०४१५०
चालुकोष	४४९/०७६/३/६	वाटर फिल्टर	३९९७२५
चालुकोष	१४/०७५/६/१८	पशु औषधी	२५३५५०
चालुकोष	२५०/०७५/१२/४	पशु प्रयोगशाला सामान	९२७७०
चालुकोष	२५२/०७५/१२/४	पशु औषधी	३४५९६०
चालुकोष	३८१/०७६/२/१७	स्वास्थ्य संस्था ल्याव सामान	१४४३२२
चालुकोष	५९०/०७६/३/३१	पशु औषधी	२५२१११
चालुकोष	५८५/०७६/३/३१	पशु औषधी	२९६१००
चालुकोष	५५९/०७६/३/३०	कार्यालय सामान	५५२७३२
		जम्मा	५८०४१७८/-

३०. **छात्रबृति :** विभिन्न ९ विद्यालयका विद्यार्थीलाई कापी कलम र पोशाकको प्याकेट तयार

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरी वितरण गरेको भर्पाइ र सामान खरिद गरेको विल संलग्न गरी सुरतबहादुर सुवेदीले रु.४०००००।०० पेश्की फछ्र्यौट गरेकोमा छात्रबृति शिर्षक राखी सामान खरिद गरेको,अत्यधिक मात्रामा कापी ,कलम खरिद गरी वितरण गरेकोमा वितरण गर्ने विद्यालय र विद्यार्थीको छनौट प्रक्रिया स्पष्ट नभएको,विद्यालयमा यस प्रकारको कार्य भएको विद्यालय व्यवस्थापन समितिको निर्णय पेश भएको छैन । विद्यालयको बैक खातामा रकम निकासा दिई वितरण भएको सुनिश्चित हुने गरी अनुगमन गर्ने व्यवस्था मिलाउनु जरुरी छ । सबै वडाका बजेटबाट विभिन्न प्रकारका सामग्री खरिद गरेका विल भर्पाई संलग्न गरी विद्यालयमा वितरण गरेको भनी खर्च लेख्ने गरेकोले सो कार्य बन्द गरी कार्यक्रम सहित विद्यालयको बैक खातामा रकम दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । भौचर नं १८८(क)।२०७५।११।२१ बाट किसान एग्रोभेट सोलुसनसँग ९० जि एस एम को ६ * १२ को ८५ थान प्लाष्टिक खरिद गरी रु ४,९२,९९९।६७ खर्च लेखेकोमा सो सामान वडा कार्यालयहरुले नमूना कृषक समूह लाई वितरण गरेको जवाफ प्राप्त भए तापनि कृषक समूहको छनौट,सम्फौता र वितरण भर्पाई पेश भएको छैन । खर्च सुनिश्चित हुने प्रमाण पेश हुनुपर्ने....</td><td>४९२९९९/६७</td></tr>
<tr><td>३२.</td><td>बोका बाखा वितरण : विभिन्न फरक फरक कार्यक्रम र वडाका बजेटबाट समेत बोका, बाखा,भैसी वितरण गरेको छ । खरिद गरेका पशुहरु स्वस्थ , प्रजनन्योग्य र उत्पादन र उत्पादकत्व बृद्धिमा सहायकसिद्ध हुने सुनिश्चित गरेको प्रमाण पेश भएन । त्यस्तै प्रकारले गत विगत वर्षहरुमा समेत पैचो कार्यक्रमबाट वितरण भएकाहरुको सन्दर्भमा कतिले फिर्ता गरे, कति समूह ,व्यक्तिलाई वितरण भयो सो अभिलेख तथा अनुगमन भएको देखिएन । यस प्रकार वितरण भएका पशुचौपायाको नियमित अनुगमन र अभिलेख अद्यावधिक नगरेको खण्डमा वितरण गरेको अवधिसम्म मात्र प्रगति देखिने र कृषकको आय आर्जनमा सुधार भै आर्थिक उन्नति हुनेमा आश्वस्त हुन सकिने व्यवस्था मिलाउने तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । वितरण गरिएका पशुचौपायाको विवरण निम्नानुसार छनः
<table>
<tr><th>सि नं</th><th>भौचर नं मिति</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१५८/०७५/११/६</td><td>वडा नं ६ का ६ जनालाई बाखा पैचो लिने गरी वितरण</td><td>६००००</td></tr>
<tr><td>२</td><td>२४१/०७५/१२/१</td><td>४५ के. जी. तौलको बोयर बोका १ तेलपानी बाखा फर्मलाई दिएको</td><td>५००००</td></tr>
<tr><td>३</td><td>२६६/०७५/११/२०</td><td>वडा नं १ मा अपांग बाखापालन को लागि १३ जनालाई</td><td>९७५००</td></tr>
<tr><td>४</td><td>४८८/०७६/३/१५</td><td>ओदालताल वडा नं १०मा राँगो वितरण</td><td>५०००००</td></tr>
<tr><td>५</td><td>६०३/०७६/३/३१</td><td>हसना सारु मगर ४ बोयर बोका खरिद पे. फ. ,कृषकलाई बुझाएको प्रमाण नभएको</td><td>२४००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६</td><td>६०२/०७६/३/३१</td><td>वडा नं. ३ मा ३७ बाखा पैचो लिने गरी वितरण</td><td>४०००००</td></tr>
<tr><td>७</td><td>५३६/०७६/३/२७</td><td>सुन्धारी दुग्ध उत्पादन १२ भैसी वितरण</td><td>१६०००००</td></tr>
<tr><td>८</td><td>५४९/०७६/३/२९</td><td>विपन्न परिवार ६० जनालाई २ वटाले १२० बाखा पैचो</td><td>५०००००</td></tr>
<tr><td colspan="3">जम्मा ३१४ पशु चौपाया</td><td>३४,४७,५००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३.</td><td>वडा नं १० को लागि २७१ थान वाटर फिल्टर खरिद गरी भौचर नं ४३९।०७६।३।६ बाट ऋषिराज ट्रेडर्सको विल संलग्न गरी रु.३९९७२५।०० खर्च लेखेकोमा सो खर्चको प्रयोजन नखुलेको तथा वितरण भएको समेत नदेखिएकोले मौज्दात भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३९९७२५/-</td></tr>
<tr><td>३४.</td><td>भैसी खरिद अनुदान : (१) जनज्योति कृषि तथा पशु सहकारी संस्था, ओदालताल ,वडा नं १० लाई भैसी खरिद अनुदान भौचर नं ४८८।०७६।३।१५ बाट रु. ५०००००।०० अनुदान दिएको छ । सो संस्थाले के .सी. डेरी तथा गाइभैसी पालन, धनगढीबाट रु १५००००।०० मा एक राँगा र सुर्खेतबाट रु १८००३१।०० को ५० थान क्यान खरिद गरेको र धनगढीबाट उक्त १ राँगा ढुवानी खर्च रु.२०००००।०० को भर्पाई संलग्न गरेको छ । खरिद भएको राँगाको मूल्य कायम गरेको ,पशु स्वास्थ्य जाँच गरेको आधार प्रमाण छैन । एउटा राँगा ढुवानीको दर रेट,दुरीको आधारमा भाडा निर्धाण गर्नुपर्नेमा सो बेगर ३ थान भर्पाईका आधारमा रु. २०००००।०० ढुवानी भाडा खर्च देखाउनु युक्तिसंग भएन । अतः १ थान भर्पाईको अधिकतम भाडा रु. ५००००।०० कायम गरी बढी भर्पाई पेश गरेको रु. १५००००।०० असूल गरी खरिद भएको राँगाको मूल्य कायम गरेको आधार प्रमाण , स्वस्थ र प्रजनन्योग्य भएको साथै हाल उक्त राँगाको अवस्था समेत खुलेको निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..............................</td><td>५०००००/-</td></tr>
<tr><td>३५.</td><td>भैसी खरिद अनुदान (२) : सार्वजनिक खरिद नियमावली २०६४ मा सरकारी अनुदान प्राप्त गरी खर्च गर्ने जुनसुकै निकायले पनि सरकारी रकम खर्च गर्दा नियमावलीको प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ । सुन्द्धारी दूग्ध उत्पादन तथा वितरण कृषक समूहको ६० वटा भैसी खरिद गरी दुग्ध उत्पादन गर्ने किसानलाई वितरण गर्ने योजना अनुसार पशुसेवा विज्ञ केन्द्रबाट रु.४०,००,०००।००, बराहताल गा. पा. बाट रु. १६,००,०००।०० र संस्थाले रु. १३,५३,०००।०० व्यहोर्ने गरी कूल रु ६९,५३,०००।००को योजना रहेछ । सोही बमोजिम भौचर नं ५३६।०७६।३।२७ बाट रु १६,००,०००।०० अनुदान निकासा दिएको छ । उक्त कार्य सम्पन्न गर्दा अपनाइएका नियमका प्रक्रियाहरु पारदर्शी छैनन् । एउटै प्याकेजमा खरिद कार्य सम्पन्न गरी अनुदान उपलव्ध गराउने सबै निकायमा कागजात उपलव्ध गराउनु पर्नेमा गा .पा. को अंश मात्र देखिने गरी के. सी. डेरी तथा गाइभैसी पालन, कैलालीसँग १२ वटा भैसी रु १,१५,०००।०० का दरले खरिद गरेको रु. १३,८०,०००।०० र ढुवानी रु. २,५०,०००।०० को भर्पाई पेश हुन आएको देखियो । यस सम्बन्धमा निम्न व्यहोराहरुको पुष्ट्याई हुनुपर्ने देखिएको छ ।

(१) नियमानुसार कुन प्रक्रियाबाट खरिद भएको नखुलाएकोले खरिद प्रक्रियाका र कार्ययोजना बमोजिमको प्रगति प्रमाण पेश हुनुपर्ने ।

(२) भारतबाट मुर्राजातको भैसी खरिद भएको भन्ने बुझिन आएकोमा के. सी. डेरी तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गाई भैसी पालन कैलालीको बिल पेश भएको हुँदा उक्त फर्मले आयात गरेको देखिने भन्सार प्रज्ञापन पत्र, भैसीको स्वास्थ्य परीक्षण गरी प्रजनन् योग्य ,निरोगी र यस स्थानको हावापानी सुहाउदो भएको सुनिश्चित गराउने पत्र पेश नभएको ।
(३) भैसीको न्युनतम मूल्य कायम गरेको आधार प्रमाण पेश नभएको ।
(४) ६० वटा भैसी मध्ये १२ वटा मात्र खरिद गरेको विल पेश गरेको र २४ जनालाई १।१ वटा र ६ जनालाई २।२ वटा वितरण गरेको भर्पाई भएतापनि समुहका सदस्यको परिचय खुल्ने कागजात पेश नभएको, ती किसानहरुसँग शर्त सहितका सम्झौता नभएको देखिन्छ । सो कागजात पेश हुनु पर्ने ।
(५) उक्त योजनाको खरिद कार्वाहीको प्रमाण कागजात ,हाल उक्त भैसीको स्थिति,अवस्था खुल्ने निरीक्षण अनुगमन प्रतिवेदन समेत पेश गरी अनुदान रकम सदुपयोग हुने गरी पारदर्शी ढंगले खर्च भएको आश्वस्तता नभएको ।</td><td></td></tr>
<tr><td>३६.</td><td>वर्षाद्को समयमा बेसारको विउ वितरण : अदुवा वेसार चैत्र बैशाखमा लगाउने विउ भएको सर्वविदितै छ । ना. प्रा. स. दिपक सिजापतिले २०७६।३।१६ मा विउको अदुवा र बेसार खरिद गरी किसानलाई वितरण गरेको भनी भौचर नं.५८२।०७६।३।२७ बाट रु १७५०००।०० भुक्तानी लिएको देखियो । यस सम्बन्धमा छानविन गरी बिउ वितरण गरेका किसानलाई सोधपूछ समेत गरी अनुगमन प्रतिवेदन , र असार १६ गते पछि पनि अदुवा बेसार लगाउन सकिने र यसको उपादकत्व नघटी फल दिने कृषि विशेषज्ञबाट प्रमाणित गरेको हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.........</td><td>१७५०००/-</td></tr>
<tr><td>३७.</td><td>अनाथ छात्रबृति :भौचर नं ५९९।०७६।३।३१ बाट अनाथ छात्रबृति वापत रु. २५००००।०० खर्च लेखेकोमा न्यु मुन्ना बस्त्रालय सुर्खेतबाट स्कुल ड्रेस १०० सेट को रु. १०००००।०० र थापा ट्रेड सेन्टरबाट २४०० थान कापीको रु. १४९९७३।६० को खरिद गरेको विल संलग्न छ ।अनाथको पूर्ण परिचय र ठेगाना स्पष्ट खुल्ने विवरण र उक्त सामानहरु अनाथलाई आाश्रय दिने व्यक्तिलाई बुझाएको प्रमाण पेश हुनु पर्ने रु.................................</td><td>२५००००/-</td></tr>
<tr><td>३८.</td><td>आलुको विउ : कृषकहरुको आवश्यकताको पहिचान गरी माग संकलन गरेर सोही बमोजिम कार्यक्रम स्वीकृत गरी तोकिएको समयमा कार्यक्रम सञ्चालन तथा विउ वितरण गर्नुपर्दछ । यस वर्ष गाउँपालिकाले निम्नानुसारका वडाहरुमा आलुको विउ खरिद गर्न बजेट व्यवस्था गरको छ ।
<table>
<tr><td>सि नं</td><td>वडा नं</td><td>बजेट रु.</td></tr>
<tr><td>१</td><td>४</td><td>२६६०००</td></tr>
<tr><td>२</td><td>५</td><td>१३४७५०</td></tr>
<tr><td>३</td><td>७</td><td>९३०३०</td></tr>
<tr><td>४</td><td>८</td><td>५८९२५०</td></tr>
<tr><td>५</td><td>९</td><td>१०५०००</td></tr>
<tr><td>६</td><td>१०</td><td>२५४०००</td></tr>
</table></td><td>-</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table><tr><td>जम्मा रु.</td><td>१४४२०३०</td></tr></table>
यस प्रकार बजेट व्यवस्था गरेको भए तापनि नियमानुसार खरिद प्रक्रिया अगाडि बढाई तरकारी बजारका आपुर्तिकर्ताको विलबाट खरिद गरी वडा नं ८ को रु. ५८९२५०।०० भुक्तानी भै सकेको छ भने बाकी वडाका पनि भुक्तानी हुने प्रकियामा रहेको छ ।
</td><td></td></tr>
<tr><td>३९.</td><td>
निम्नानुसार आलुको विउ खरिद गरी वितरण गरेका भर्पाई संलग्न भएको छ । आलुको विउ खरिद गर्नु अगावै आलुको उमार शक्ति,उत्पादकत्व ,विउ लगाउने समय,बजार मूल्य,खरिदको प्रक्रिया र कृषकलाई समूहमा वितरण गरेकोमा निश्चित शर्त सहित वितरण गर्नु पर्नेमा सो भए गरेको पाइएन । जसको कारण खरिद गरिएका आलूको विउ उमार शक्ति भएका ,सामान्य बजार मूल्यमै खरिद गरिएको, वितरण भए अनुसार नै कृषकले बुझिलिइ खेती गरेको भनी आश्वस्त हुने किसिमका प्रमाण कागजात संलग्न भएको पाइएन । विज भण्डारबाट खरिद नगरी तरकारी बजारबाट रु. ५८९२५०।०० को आलु खरिद गरेको विल संलग्न भएबाट सो विउ खेती गर्नको लागि नभै तरकारी खाने प्रयोजनमा प्रयोग हुन सक्दैन भन्न सकिदैन । यस सम्बन्धमा छानविन गरी आलुको विउ खरिद भएको , उमार शक्ति ठीक भएको,किसानले प्राप्त गरेको र उत्पादन भएको भन्ने सुनिश्चितताको लागि निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु...........
<table>
<tr><th>भौचर नं मिति</th><th>विक्रेता</th><th>परिमाण (के जी)</th><th>मूल्य रु.</th></tr>
<tr><td>२२/०७५/७/९</td><td>ओम एग्रोभेट</td><td>३५१० के .जी. १ नं वडाको</td><td>१४०४००</td></tr>
<tr><td>१६९/०७५/११/९</td><td>सि पि सव्जीमण्डी</td><td>१६३८५ के. जी. ८ नं वडाको</td><td>५८९२५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७२९६५०/-</td></tr>
</table>
उक्त १६३९५ के जी आलु मध्ये वडा अध्यक्ष मणिराज कार्कीले जिम्मा लिई खरिद गरी किसानलाइ (३०० केजी सम्म) वितरण गरेको भर्पाई परीक्षण हुँदा १४८४५ केजी मात्र वितरण गरेको भर्पाई समावेश भएकोले नपुग १५४० के जी को मूल्य रु ५३९००।०० असूल गर्नुपर्ने रु.
</td><td>७२९६५०/-

५३९००।००</td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४०.</td><td>शशर्त चालु अनुदान शिक्षामा शिक्षकको तलब भता , पाठ्यपुस्तक,छात्रबृति ,कर्मचारी तलब भता , पुस्तकालय, विज्ञान प्रयोगशाला, आइ सि टि ल्याब,शौचालय निर्माण,कक्षा कोठा निर्माण,प्रति विद्यार्थी लागत अनुदान,कार्यालय सामग्री मसलन्द खरिद अनुदान,अन्य प्रोत्साहन अनुदान ,शिक्षण सहयोग अनुदान लगायतका रकम निकासा भएको अवस्थामा गाउँपालिकाका सबै वडाका बजेटबाट छात्रबृति,स्टेसनरी सामान,कार्यालय सामान,फर्निचर,खेलकूद सामग्री ,विद्यार्थीको पोशाक, जस्ता कार्यमा खर्च भएको विल भर्पाई पेश हुने गरेको पाइयो । विद्यालयको लागि आवश्यक पर्ने रकम कार्यक्रममा व्यवस्था गरी विद्यालयको खातामा सोझै निकासा नदिई खरिद गरेको विल भर्पाई संलग्न गर्नु उपयुक्त देखिएन । अतः विद्यालयको लागि आवश्यक हो भने सम्बन्धित विद्यालयको खातामा नै रकम निकासा हुनु पर्दछ । गाउँपालिका तथा वडा कार्यालयहरुले खरिद गरेर विद्यालयलाई सामान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । एउट बजेट शीर्षकबाट उपलब्ध गराइसकेका शिर्षकमा पुनः गाउँपालिका तथा वडा कार्यालयबाट पनि रकम खर्च भएकोले खर्च मितव्ययी र आवश्यकता नै हो भनी आवश्वस्त हुने अवस्था रहेन । विद्यालयको लागि खरिद गरी खर्च भएका केही उदाहरण निम्न छन्:
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>४२/०७५/७/१५</td><td>रक्सेनी प्रा. वि. शैक्षिक सामग्री खरिद</td><td>१०००००</td><td>कार्पेट भलीबल</td></tr>
<tr><td>९७/०७५/९/१३</td><td>छात्रबृति शीर्षकमा सुरतसुवेदी पे .फ.</td><td>४०००००</td><td>कापी कलम खरिद</td></tr>
<tr><td>१२७/७५/१०/१०</td><td>बौद्ध ने. रा .प्रा .वि. दराज फुटबल सामग्री खरिद</td><td>५००००</td><td></td></tr>
<tr><td>१५५/०७५/११/६</td><td>लक्ष्मी प्रा. वि. करंगे</td><td>५००००</td><td>सामग्री खरिद</td></tr>
<tr><td>४३८/०७६/३/१</td><td>लक्ष्मी प्रा. वि. करंगे</td><td>३००००</td><td>फर्निचर खरिद</td></tr>
<tr><td>१६६/०७५/११/७</td><td>ने. रा .प्रा .वि. स्याउने</td><td>५००००</td><td>फर्निचर खरिद</td></tr>
<tr><td>१८०/०७५/११/२१</td><td>सूर्यज्याती मा. वि .लामाखाली</td><td>१७००००</td><td>फर्निचर खरिद</td></tr>
<tr><td>२८९/०७६/१/१०</td><td>कक्षा ८ को परीक्षा खर्च वि. नि. डम्मरकुमारी रोकाय</td><td>४३००००</td><td>शिक्षा तर्फबाट भैसकेकोले दोहोरो</td></tr>
<tr><td>२९३/०७६/१/१२</td><td>विद्यालय रनिग शिल्ड</td><td>६०००००</td><td>पालिका स्तरीय</td></tr>
<tr><td>४१२/०७६/२/२७</td><td>विद्यालय स्टेशनरी</td><td>१०४१५०</td><td></td></tr>
<tr><td></td><td>वडास्तरीय रनिंग शिल्ड(सबै वडाको)</td><td>८०००००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२७८४१५०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>वडागत खर्च : वडा कार्यालय संचालनको लागि सम्बन्धित वडा सचिवलाई त्रैमासिक रुपामा बैठक भता रु.६३०००।०,संचार रु.३९००।००,दैनिक भ्रमण भता रु. ४५०००।००,इन्धन रु. ५१७५।००,मर्मत रु. ६२५०।००,विविध रु. १५०००।००, कार्यालय</td><td></td></tr>
</table>

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	सामान रु.१५०००।०० समेत कूल रु.१५३३२५।०० का दरले पेश्की दिई विल भर्पाई प्राप्त भएपश्चात पेश्की फछ्र्योट गरी पुनः पेश्की दिने गरेको छ । यस प्रकारको बजेट बाँडफाँड भएको बमोजिमको खर्च गर्दा वडा कार्यालयमा थोरै कर्मचारी हुने ,कूल दैनिक भ्रमण भता रु. १८००००।०० खर्च गरी लामो समय काजमा भ्रमणमा व्यतित भएको देखियो । फलस्वरुप सर्वसाधारणले वडाबाट दैनिक पाउनु पर्ने सेवामा कठिनाई हुने देखिन्छ । त्यसै गरी प्रत्येक पटकको बैठकमा कार्यालय सहयोगीलाई पदाधिकारी सरह उपस्थिति जनाएको देखियो । कार्यालय सहयोगी निर्णय दिने पदाधिकारी नभएकोले बैठकमा उपस्थिति जनाएर बैठक भता समेत समान रुपले उपलब्ध गराएको पाइएकोले यस सम्बन्धमा सबै वडामा समान एकै किसिमले यस प्रकारको कार्य भएकोले नियन्त्रण हुनुपर्दछ ।	
४२.	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नपाउने, त्यसैगरी नियम ८५(४) अनुसार रु.१ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार रु.४८३०२२०/-को देहायका सामाग्रीहरु खरिद गर्दा उल्लेखित नियमको पालना नगरी खर्च गरेको देखिएकोले खर्चलाई नियमित गर्नुपर्ने देखिएको रु.	४८३०२२०/-

भौ.न. र मिति	विवरण	रकम
१८५/०७६/३/३	ल्यापटप खरिद	३२३५१९
२०८	सोलार चार्जर खरिद	११२७५०
३१६	ल्यापटप खरिद	७००००
३०५	कम्पयुटर,ल्यापटप	४०७३५५
२७५	फर्निचर इन्भटर्स	४९६१२२
१९२	,,	२०५४५७
३०१	पाइप खरिद	३८५३३
२०६	,,	४४०२०४
विभिन्न	मसलन्द तथा कार्यालय सामाग्री	२७३६२८०
	जम्मा	४८३०२२०

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
४३.	**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) बमोजिम प्राविधिक नाप, जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा विल भुक्तानी दिनुपर्ने व्यवस्था छ । देहायका निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित रकम भन्दा बढि भुक्तानी गरेकाले असुल गर्नुपर्ने रु.	९८८५/५

भौ.न. र मिति	विवरण	रकम	कैफियत
२८०/०७६.३.२९	इन्द्र कन्शट्रक्शन	४१६६	
२६६/०७६.३.२९	पोखरी काडा खानेपानी तथा सरसफाई स्किम १ उपभोक्ता समिति	५७१९.५०	१०० से.मी. पाइप खन्ने पुर्ने कार्य गरेकोमा ११० मिटर पाइपको बिल पेश
	जम्मा	९८८५.५	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
४४.	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा नापी किताव र कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्ने व्यवस्था छ । देहायका निर्माण सामग्री खरिद गरी मौज्दात राखेकोमा सो को आयोजनागत खर्चको बिल भरपाई, प्राविधिक मुल्यांकन र कार्य सम्पन्न पेश भएन ।	

भौ.न. र मिति	विवरण	रकम	कैफियत
२४१/०७६/३/२६	सुर्खेत जि.एस.हयुम पाइप प्रा.लि.	३६७९५५५.७२	४५०,६००,९०० एम.एमको ३२२८० रन मि.ह्युम पाइप
१८९/०७६/३/५	कालिका निर्माण एण्ड साहारा सप्लायर्स	२४५०३९३	२४६बण्डल सि.जि.आई जस्तापाता(२६गेज,३७ मि.मि.)
	जम्मा	६१२९९४८.७२	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
४५.	भौ.न.२३३।२०७६।३।२०–यस बर्ष वडास्तरीय वजेटबाट वडा न. ७ ले रु.४४ लाखको लागत अनुमान स्विकृत गरि व्याक हो लोडर खरिद गरेको छ । उक्त व्याक हो लोडर वडा नं.७ कै सडक मर्मत सुधारमा प्रयोग गर्ने गरेको देखियो ।उ क्त लोडरको अप्रेटर र सहयोगीको मासिक तलब, खाजा खर्च लगायत ,र इन्धन खर्च प्रति घन मिटर रु.३०।२६ का दरले कार्यालयले व्यहोर्ने गरेको छ । कार्यालयले दिपमाला आयल स्टोर्सबाट २३०० लिटर डिजेल खरिद गरी खर्च लेखेको छ । बर्षान्तमा किनेको उक्त इन्धन प्रयोग गरि लोडरले गरेको कामको परिमाण र आयोजना नखुलेको,प्राविधिक मुल्याकन,कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेकोले असुल गर्नुपर्ने रु.	२३१९४९/-
४६.	गाउसभाले निश्चित कार्यक्रम र आयोजना खुलाई बजेट स्विकृत गर्नु पर्दछ। सभाले यस वर्ष अध्यक्ष र उपाध्यक्षको तोकादेशबाट क्रमश: रु.३० र रु.१० लाख सम्मका योजनामा खर्च गर्ने अधिकार दिई साना टुके योजनामा खर्च गरेको देखियो । अबण्डा बजेट राखी वितरणमुखी कार्यक्रममा खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नु पर्दछ।	

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४७.</td><td>भौ.न.१८१।०७६।३।२–चालु प्रकृतिका खर्च पुँजिगत शिर्षकमा समावेश गरि खर्च लेख्न मिल्ने व्यवस्था छैन । सुनिता लामिछानेको विद्युत महशुलको विजक राखी धारापानी खानेपानी उपभोक्ता समुह वडा न.९ लाई रु.१ लाख भुक्तानी गरेको छ। उक्त समुहको खर्च गाउपालिकाले व्यहोर्ने सम्झौता भएको देखिएन । यसर्थ खर्च लेख्ने आधार पेश हुनुपर्ने रु.</td><td>१०००००/-</td></tr>
<tr><td>४८.</td><td>भौ.न.१८१।०७६।३।२– सम्झौतानुसार कार्य सम्पन्न हुनु पर्दछ । धारापानी खानेपानी उपभोक्ता समुह वडा न.९ लाई १८४ थान पानी मिटर र फिटिंग्सका सामानको रु.३९३४३७ /- भुक्तानी गरेको छ। पानी मिटर वितरणको भरपाई र फिटिंग्स प्रयोगको प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु.</td><td>३९३४३७/-</td></tr>
<tr><td>४९.</td><td>गाउँपालिकाले भवन लगायतका स्थायी संरंचनामा लगानी गर्दा जग्गाको स्वामित्व सम्बन्धमा स्पस्ट निति लिनु पर्दछ । यस बर्ष विभिन्न समुह,संस्था र समितिको भवन निर्माणमा लगानी गरेकोमा जग्गाको स्वामित्व सम्बन्धमा स्पस्ट मापदण्ड नबनाएकोले निजी स्वामित्वका जग्गामा घर निर्माण भएको देखियो । यस तर्फ स्पस्ट निति निर्धारण गर्नु पर्दछ ।
<table>
<tr><td>भौ.न.र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३१८.०७६.३.३१</td><td>बडा न.७ को महिला विकास भवन</td><td>९०६६७७.९६</td></tr>
<tr><td>३१.०७६.३.२९</td><td>वडा न.८ को आमा समुह भवन निर्माण</td><td>६५००००</td></tr>
<tr><td>२७२.०७६.३.२९</td><td>तारमारे साना किसान सहकारी भवन निर्माण</td><td>४०००००</td></tr>
<tr><td>२५७.०७६.३.२९</td><td>सेन्स नेपाल भवन निर्माण</td><td>६०००००</td></tr>
<tr><td>२४५.०७६.३.२६</td><td>सलैना सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण</td><td>४०००००</td></tr>
<tr><td>२५४.०७६.३.२७</td><td>सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण,वडा न.१</td><td>५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>ब.शि.न.७०६३३३५१४–अख्तियारीमा उल्लेखित शर्त बमोजिमको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । प्रदेश आन्तरीक मामिला तथा कानुन मन्त्रालयबाट ०७५।११।३० मा रु.१२ लाख ५० हजारको डिजिटल स्कुल कार्यक्रम सञ्चालनको लागी रकम प्राप्त भएकोमा गाउँपालिका अनुदान रु.२७२७८८ /- थप गरि १४ सेट आई फाइभ कम्प्युटर,१ल्यापटप र १ प्रोजेक्टर सोझै खरिद गरि भेरी मा.वी. र नेपाल राष्ट्रिय मा. वि.लाई वितरण गरेको देखियो । डिजिटल स्कुल सञ्चालन गराई पालना गर्नुपर्ने TOR मा कम्तिमा ४ वटा कक्षामा डिजिटल प्रविधि मार्फत शिक्षण सिकाई कियाकलाप गरेको हुनुपर्ने व्यवस्था भएकोमा उक्त परिमाणमा कियाकलाप सञ्चालन गरेको र सामाग्री दाखिला गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>५१.</td><td>बाढि पहिरो पुनस्थापना कार्यक्रम–२०७१ सालमा आएको बाढिबाट प्रभावितलाई प्रदेश सरकार आन्तरीक मामिला तथा कानुन मन्त्रालयले पुर्ण क्षति भएका घर निर्माण गर्न २०७६।१।३० मा अख्तियारी पठाएकोमा ४६ जनालाई प्रथम किस्ता</td><td></td></tr>
</table>

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	रु.१५००००/- का दरले रु.६९ लाख भुक्तानी भएको देखियो । विपद पिडित आवास निर्माण सहयोग कार्यविधि २०७६ बमोजिम सहयोग रकम प्राप्त गर्ने लाभग्राहीले भुकम्प प्रतिरोधि मापदण्ड र जनता आवास कार्यक्रममा उल्लेखित नक्शामा भवन निर्माण गर्नुपर्ने उल्लेख छ । प्रथम किस्ता लिएकाले घर निर्माण कार्य गरेको प्रतिवेदन पेश भएन । यसर्थ कार्यक्रमको प्रभावकारिता यकिन गर्न सकिएन ।	
५२.	**ब.शि.न.६०६३२३५२(प्रदेश समपुरक कोष)**–यस शिर्षकमा रु.५१८९९६३ /- निकासा भै रु.३५६८३०७ /-खर्च भएकोमा बाँकी देखिएको रु.१६२१६५६ /- प्रदेश सञ्चित कोषमा फिर्ता पठाएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताको अवधि भित्र काम पुरा गर्न नसकेको अवस्थामा कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तीमा ७ दिन अगावै निवेदन दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंग भएको सम्झौताअनुसार सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको तर म्याद थपको लागि निवेदन दिएको छैन । अतः निर्माण व्यवसायीबाट सोही नियमावलीको नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्दछ ।	

सडक	सम्झौता	भुक्तानी रकम	सम्पन्न गर्नुपर्ने मिति
हुर्के किउरेनी बुटा सडक	६७७८५८४.७१	१३०२४२२	२०७६.३.२५
गिमेनी रक्सेनी सडक सुधार	२९३५९५७.७६	१४००३३८	,,

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
५३.	**संघिय समपुरक कोष विशेष अनुदान(८०१८१४३)**–तरंगा लिफट सिचाई आयोजना २०७६।२।१० मा शुरु भै २०७७।३।१० मा सम्पन्न गर्ने गरि सुर्योदय उर्जा प्रा.लि.संग मु.अ.कर समेत रु.३,८६,३४,०८६।२६ मा बोलपत्र स्विकृत गरी सम्झौता भएको छ । सम्झौतानुसार यस बर्ष मोबिलाइजेशन पेश्की रु.४२ लाख र प्रथम रनिग बिल रु.१,९२,३३,७७५ भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायीले भेरी नदिबाट १४ लाख लिटर पानी प्रतिदिन पम्प गर्न ३ फेज सबमरसिवल सोलार पम्प ३० र ३५ कि.वा.२ सेट,२४५ थान सोलार पि.भि.मोडल आपुर्ति गरेकोमा गुणस्तर परीक्षण गरेको देखिएन । उक्त आयोजनाको निर्माण कार्य तालिका पेश नभएकाले कार्य प्रगति बिश्लेषण गर्न सकिएन । आयोजनाको डि.पि.आर(मा बालुवा छान्ने कार्य,वितरण कुलो र साइटको तारबार लगायतका कार्य समावेश गरेको देखिएन ।	
५४.	**उपभोक्ता समिति मार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् ।	
	१)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । उपभोक्ता समितिको गठन विधि , आधार उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।	
	२)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।	
	३)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।	
	४)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन ।	
	५)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने, नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । यस बर्ष ग्राभेल ,पि.सि.सि. र कच्ची सडक बाटो निर्माण भएकोमा जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्रयाक खोल्ने,बाटो स्तरोन्नति लगायतका ड्रइङ्ग,डिजाइन बेगरका आयोजनाका लागत अनुमान बनाई माटो र ढुगांखन्ने कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर,	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको व्यवसायीको विल पेश गरि प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो । मेशिन प्रयोगमा उपभोक्ता समिलि कोटेशन पनि लिएको देखिदैन । यसबाट प्रतिस्पर्धा नभई लागत बढने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन ।यसर्थ नियमको परिपालना हुनुपर्दछ ।	
	६)स्थानीय तहको उपभोक्ता गठन सम्बन्धि कार्यविधि २०७४को दफा ११(५)मा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरी तयार भएको प्रतिवेदन(अनुसुचि ३)को आधारमा योजनाको भुक्तानी गर्नुपर्नेमा सो बमोजिम गरेको छैन ।कार्यविधिको पालना गर्नु पर्दछ ।	
५५.	**सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक परीक्षण गरेको देखिएन ।	
५६.	**कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०/१/१५ को नेपाल सरकारको निर्णयअनुसार कन्टिनजेन्सी मध्ये ६०% चालु प्रकृतिको खर्च र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरणनुसार यो आर्थिक वर्षमा सञ्चालित योजनाबाट ४ प्रतिशत कन्टिनजेन्सी कटटा गरि रु.१५६३६८८/-खर्च लेखेको छ । कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकाले सिमाभित्र रहेको यकिन हुन सकेन । यस्तो खर्चको कार्यविधि बनाई खर्च गर्ने व्यवस्था गर्नुपर्ने, चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने खर्च मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।	
५७.	**प्रधानमन्त्रि रोजगार कार्यक्रमः**यस कार्यक्रममा रु.२५८१८९७ /- खर्च भएकोमा श्रमिकको ज्याला खर्चमा रु.१९४९१०२/-(७५.४९प्रतिशत)खर्च भएको छ । उक्त कार्यक्रमबाट सडक मर्मत,शौचालय निर्माण,स्कुलको फिल्ड निर्माण र खाल्डाखुल्डी पुर्ने लगायतका कार्य भएको प्राविधिक प्रतिवेदन पेश गरेपनि बर्षान्तमा कार्यक्रम सञ्चालन भएकाले उल्लेखनीय मर्मत सुधार भएको विश्वस्त हुने आधार देखिएन ।	
५८.	**सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गाउँकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् । १)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकामा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।	
५९.	**पदाधिकारी तथा सदस्यको सुविधा :** नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभामा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । कर्णाली प्रदेशका स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतका आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने ब्यवस्था गरे बमोजिम यस वर्ष पदाधिकारलाई गाउँपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७४आषाढ देखि २०७६आषाढसम्मको)भुक्तानी दिन बाकीको अभिलेख बेगर रु.१,२२,८२,८९८ /- खर्च लेखेको देखियो । यस सम्बन्धमा गत वर्ष भुक्तानी नभएको व्यहोरा आश्वस्त हुनुपर्दछ ।	
६०.	कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा पोशाक भत्ताको व्यवस्था छैन । दोस्रो गाउसभाले प्रति सभा सदस्य रु.७००० का दरले पोशाक भत्ता उपलव्ध गराउने निर्णय गरि भौ.न.३२७ बाट ५३ जनालाई रु.३७१००० /- खर्च लेखेको नमिल्ने देखिएको रु.	३७१०००/-
६१.	**बैठक भता :**कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा बैठक भत्ताको व्यवस्था छैन । गाउँपालिकाका वडाको वडास्तरीय बैठकको र गाउँपालिकास्तरीय बैठकको रु.९३६०००/- बैठक भत्ता भुक्तानी दिएको पाइयो । अतः मासिक सुविधा बाहेक बैठक भताको व्यवस्था ऐनमा नभएकोले सो रकम खर्च लेख्न मिल्ने नदेखिएको रु................	९३६०००/-

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
६२.	नेपाल सरकार कार्य संचालन निर्देशिका २०७३ को दफा ७.१.१ मा बैठक भत्ता दिने ६ आधारहरु खुलाएको छ । स्पष्ट बिषयवस्तु र कार्ययोजना वेगर बैठक वस्न नपाइने, वेठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निकाय र पदाधिकारी,कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने,कानुनअनुसार गठन भएका समितिहरुको वैठकको लागी मात्र भत्ता प्रदान गर्ने,बिभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र वैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने, बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा २ जना सम्म मात्र आमन्त्रित सदस्यलाई वैठक भत्ता प्रदान गर्न सकिने आधार रहेका छन । यस वर्ष उपरोक्त आधार बेगर वैठक भत्ताका लागी रु.२४१००० /- खर्च लेखेकोले अनियमित देखिएको छ ।	
६३.	**तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र शिक्षकको तलब विद्यालय शिक्षक किताब खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा पारित नगरि खर्च लेखेकाले तलबी प्रतिवेदन पारित गराई खर्च लेख्नुपर्दछ ।	
६४.	**कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन,२०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने स्वीकृत कर्मचारी दरबन्दी मध्ये पदपूर्ति २१ रहेको देखियो । ति मध्ये इन्जिनियर,सव इन्जिनियर,आन्तरीक लेखापरीक्षक सहित पद रिक्त रहेका छन । ति रिक्त पदमा करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।	
६५.	**कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। कोषमा रकम जम्मा गरेको देखिएन ।	
६६.	**आर्थिक साहयता:** आर्थिक साहयताको वितरण स्पस्ट मापदण्ड बनाई लागु गर्न पर्दछ । यस बर्ष .केन्द्र सरकाको कार्यविधिसँग मेल नखाने किसिमको आर्थिक सहायता कार्यविधि बनाई कार्यपालिकाबाट निर्णय गरी भुक्तानी दिएको छ । केन्द्र सरकारको कार्यविधि विपरित रु.४,९३,५२०/- खर्च लेखेकाले थप व्ययभार परेको छ ।	
६७.	आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने ब्यबस्था छ । गाँउपालिकाले देहायका शिर्षकमा विनियोजित रकम देहाय अनुसार खर्च गरेकाले नियन्त्रण गर्नुपर्ने देखियो । विवरण: रकम विविध: ७७९३७४ गाडि भाडा: ३२४३०० सभा खर्च: १००७७२५ उपरोक्त सम्बन्धमा देखिएका व्यहोरा निम्न छन: (१) मु अ करमा दर्ता नभएका बिभिन्न होटलको खाजा खर्चको बिलको आधारमा खाजा	

विवरण	रकम
विविध	७७९३७४
गाडि भाडा	३२४३००
सभा खर्च	१००७७२५

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम
	खर्च गरेकोमा बैठकको माईन्युट, बैठक बसेको दिन, संख्या नखुलेको,विभिन्न बिषयगत शिर्षकबाट विविध खर्च गरेकाले विविध खर्च यकिन हुन सकेन । (२) पटके सम्झौता गरी गाउँपालिका अध्यक्ष लगायत बिभिन्न पदाधिकारी र कर्मचारीले गाडि भाडामा लिई भुक्तानी गरेकोमा यात्रा प्रयोजन स्पस्ट नखुलेको एवम गाडी भाडामा पटके रुपमा लिएको औचित्यपुष्टि हुनु पर्दछ ।	
६८.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यवस्था भएको छ । नेपाल सरकारको ०७४।८।३ को निर्णयबाट स्विकृत भएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा ल्याएको छैन । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन । कार्यालयले नियमानुसार तयार गर्नुपर्ने मास्केवारी बिवरण समेत तयार नगरेकाले पेश गरेको खर्चको फांटवारी लगायत पेश गरेको प्रस्तुत आय व्यय विवरणले यथार्थ चित्रण नगर्ने र सभाले स्विकृत गरेको शिर्षकगत बजेट खर्चको सिमा नाघेको यकिन गर्ने अवस्था छैन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ	
६९.	**आन्तरिक आय तर्फः** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस बर्ष राजश्व रु.१३७५८९६३।७० असुली गरेको छ । आन्तरिक आय संकलनका लागी १० वडालाई नगदि रसिद हस्तान्तरण गरेकोमा फिर्ता प्राप्त गरी परिक्षण गर्ने गरेको छैन । रसिद नियन्त्रण खाता व्यवस्थित तरीकाले राखेको छैन । यसर्थ नगद असुली गरेको सबै रकम समयमा दाखिला भएको सुनिश्चित गर्न सकिने स्थिति छैन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।	
७०.	**आन्तरिक आय ठेक्का** : नदिजन्य पद्धार्थको उत्खनन र बिक्रीबितरणबाट प्राप्त हुने आन्तरीक आयको असुली प्रतिस्पर्धा गराई सम्झौतानुसार आय संकलन गर्नु पर्दछ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७५ अनुसार भेरी नदि,चेपांग क्षेत्र र तरंगा क्षेत्रका विभिन्न १२ स्थानबाट ५८७१५ घ.मी. बार्षिक उत्खनन गर्न सकिने व्यहोरा उल्लेख भएकोमा यस बर्ष कार्यपालिकाको २०७५ असोज १४ को बैठकबाट नदिजन्य पद्धार्थको उत्खनन र बिक्रीबितरणसम्बन्धी आय ठेक्का बन्दोबस्त गर्ने र सो नभएसम्मको अवधिको लागी २०७५।६।१४ देखि नै सम्बन्धित वडालाई प्रति घन फिट रु.३ का दरले अमानतमा बिक्री कर उठाउने जिम्मा दिने निर्णय गरेको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः क)गाउँपालिकाले रसिद नियन्त्रण खाता व्यवस्थित गरि राखेको छैन । प्रत्येक वडालाई वितरण गरेको र वर्षान्तमा वडाले प्रयोग गरि बचत भएका रसिद फिर्ता गरि परीक्षण गरेको पाइएन । वडा न.१ ले रसिद न.६२०१ देखि ७७०० न.बाट रु.२४१४५९५/- असुली गरेको देखाएको छ । अन्य वडाले असुलीको लागी प्रयोग गरेका रसिदको विवरण र रकम तयार गरेको छैन । यसर्थ संकलित राजश्वको यथार्थ अवस्था सुनिश्चित गर्न सकिएन । ख)नगदी रसिदमा नदिजन्य पद्धार्थको बिक्री परिमाण खुलासा गरेको छैन ।	

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम

कार्यपालिकाको २०७५।६।२५ को निर्णयले अमानतबाट उठाउने कामदारको पारिश्रमिक संकलित राजश्वको १५ प्रतिशत हुने निर्णय गरि रु.४१७३३८।२५ खर्च लेखेको छ । अमानतबाट कर उठाउन वडालाई जिम्मेवारी दिएतापनि घाटगद्धि रजिष्टर समेत नराखेको,नियन्त्रण र अनुगमनको संयन्त्र खडा नगरेकाले बिकीको परिमाणनुसार नै कर संकलित भएको यकिन गर्न सकिने अवस्था देखिएन ।

ग)गाउँपालिकाले देहायका परिमाणमा नदिजन्य पद्धार्थको उत्खनन गरि बिकी गर्न खरिद सम्फौता गरेकोमा रु.५२२५८०० /-असुल भएको देखिएको छ । गाउँपालिकाले सम्फौता गरेको परिमाणमा उत्खनन गरेको यकिन गर्नुपर्नेमा सो कार्य भए गरेको देखिएन । अनुगमन र नियन्त्रण प्रणाली स्थापित नहुदा प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन हुने र राजश्व गुम्ने स्थिती रहन सक्ने हुदा यस तर्फ ध्यान दिनुपर्दछ ।

घ)मालिका निर्माण सेवासंगको २०७५।११।६मा गरेको सम्फौताको दफा १२ मा ६० प्रतिशत रकम सम्फौता हुदाका बखत,माघ मसान्त भित्र २० प्रतिशत र असार मसान्त भित्र २० प्रतिशत किस्ता तिर्ने उल्लेख भएकोमा रु.२८ लाख निजले २०७५।१०।२० दाखिला गरेको र गाउँपालिकाले निजलाई भुक्तानी दिनुपर्ने अन्य ठेक्का बिलबाट रु.१६३०२३४/- कटटा गरि रु.४४३०२३४/-असुली गरेको देखियो । गाउसभाको २०७६।३।२६को बैठकबाट आ ई ई गरेको परिमाण भन्दा बढि बिकी गर्न नमिल्ने कारण देखाई निर्माण व्यवसायीले कबोल गरेको कुल रकममा अमानतबाट संकलित रकम घटाई राजश्व छुट दिने निर्णय गरेकोले सम्फौतानुसार बाकी देखिएको रु.१७९४७६६/- निर्माण व्यवसायीबाट असुल हुनुपर्नेमा भएको देखिएन । परिमाणमा उत्खनन गरेको यकिन नै नगरी राजश्व छुट दिने उक्त निर्णय मनासिब देखिएन ।

निर्माण व्यवसायी	उत्खनन परिमाण(घ.मी.)	खरिद सम्फौता रकम	असुल भएको रकम	उत्खननको क्षेत्र
विनोद निर्माण सेवा	४३७५	४६६०००	४६६०००	सिमल चौर
विनोद निर्माण सेवा	१४१७२	१५०२०००	१५०२०००	सोत खोला
विनोद निर्माण सेवा	४३२५	४५७८००	४५७८००	कासेगाड
मालिका निर्माण सेवा	५८७१५	६२२५०००	४४३०२३४	भेरी
जम्मा	८१५८७	८६५०८००	६८५६०३४	

ग)प्रतिस्पर्धाको स्थितिः सार्वजनिक खरिद ऐन २०६३ को दफा (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द हुने छन् भन्ने उल्लेख छ । यस कार्यालयबाट नदिजन्य पद्धार्थको उत्खनन गरि बिकी गर्ने कार्यको लागत अनुमान तयार गरी प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७५।०७।२७ मा प्रकाशित गरेको सूचना अनुसार निम्न बोलपत्र बिक्री भई दाखिला भएकोमा लागत अनुमानको हाराहारीमा १ प्रतिशत भन्दा बढिको बोलपत्र पेश भए वमोजिम स्वीकृत भएको छ । सार्वजनिक खरिद प्रयाप्त प्रतिस्पर्धि नभएको देखिन आयो । सार्वजनिक खरिद प्रयाप्त प्रतिस्पर्धि हुनुपर्दछ ।

बोलपत्र बिक्री संख्या	बोलपत्र पत्र दर्ता संख्या	बोलपत्र फिर्ता संख्या	ल.ई. (भ्याट सहित)	ठेक्का स्वीकृत रकम	वढि प्रतिशत
४६	३	०	६२१४३९५.६०	६२२५०००	१.००

७१.	कार्यपालिकाको निर्णयको कार्यान्वयन गरि राजश्व असुल गर्नुपर्दछ । मिति	

<table>
<tr><th>दफा नं</th><th>भौ नं मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२०७५।१२।२२को कार्यपालिकाको निर्णय न.५ बाट वडा न .५ पोखरीकाडा ८ ग कि.न.१८ क्षेत्रफल ६-८-०-० र ४-१५-३-३ सोतखोला किनारमा रहेको गणेश अधिकारी र गजेन्द्र भण्डारीको सयुक्त नाममा दर्ता भएको जग्गामा विगत वर्षका बाढिले थुपारेको नदिजन्य पद्धार्थ ढुगा,गिटि,बालुवा १३५१ घन मिटर रू.१०६/-का दरले राजश्व लिई अन्यत्र लैजान उत्खनन अनुमति प्रदान गर्ने निर्णय भएकोमा रू.१४३२०६/- असुल भएको प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२.</td><td>पेश्की - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.२०८२६०००/-पेश्की फछ्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु..............................
<table>
<tr><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>विवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>१५१.०७६.२.२०</td><td>सिप्रदी ट्रेडिंग प्रा.ली.</td><td>एम्बुलेन्स खरिद</td><td>२१९७०००</td></tr>
<tr><td>१.०७६.३.२५</td><td>सुर्योदय उर्जा प्रा.ली.</td><td>तरंगा लिफिटीङ्ग सिचाईको मोविलाईजेशन पेश्की</td><td>३३६००००</td></tr>
<tr><td>०७६.३.२४</td><td>जगत सुवेदी</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१७०००००</td></tr>
<tr><td>०७६.३.२४</td><td>टेक नारायण चालिसे</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>७०९६००</td></tr>
<tr><td>०७६.३.२४</td><td>मिनराज रिमाल</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>३१४०४००</td></tr>
<tr><td>०७६.३.२४</td><td>उमेश केशर खनाल</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>४५६६००</td></tr>
<tr><td>०७६.३.२४</td><td>बिष्णु बहादुर चौधरी</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>२३४५२००</td></tr>
<tr><td>०७६.३.२४</td><td>दुर्ग बहादुर बि.क.</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१७०००००</td></tr>
<tr><td>०७६.३.२४</td><td>रन बहादुर गरंजा</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१०३००००</td></tr>
<tr><td>०७६.३.२४</td><td>दुर्गा प्रसाद रिजाल</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१६४३६००</td></tr>
<tr><td>०७६.३.२४</td><td>बहम कुमार खडका</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१२९२८००</td></tr>
<tr><td>०७६.३.२४</td><td>चेतन प्रकाश आचार्य</td><td>सामाजिक सुरक्षा पेश्की</td><td>१२५०८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०८२६०००</td></tr>
</table></td><td>२०८२६०००/-</td></tr>
<tr><td>७३.</td><td>आन्तरिक लेखापरीक्षण: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाको आन्तरीक लेखा परीक्षण शाखा गठन नभएकाले २०७६।४।२ को कार्यपालिकाको निर्णयले कार्यालयका ना.सु.बखत बहादुर शाहीलाई आन्तरीक लेखापरीक्षक नियुक्ति गरि सम्पन्न गरेको छ । प्रदेश सरकार तर्फको कारोवारको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय,सुर्खेतबाट आन्तरीक लेखापरीक्षण सम्पन्न गरेको देखिया । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा भएको देखिएन । आन्तरीक लेखापरीक्षणबाट औल्याएका देहायका व्यहोरा असुल फछ्र्योट हुनुपर्ने रु.
<table>
<tr><th>दफा</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>५</td><td><u>धरौटी तर्फः</u>१)कृषि तथा फलफुल संकलन केन्द्र भवन निर्माण उपभोक्ता समितिको आ.व. ०७४।७५ को धरौटी बाकी रु.३७००० संघिय राजश्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.</td><td>३७०००</td></tr>
<tr><td></td><td>२)लागत सहभागिता वापत उपभोक्ता समितिबाट प्राप्त रु.१३२२६७२ धरौटी खातामा दाखिला गरेकोमा सो रकम चालु</td><td></td></tr>
</table></td><td>२५१६१८२.२८</td></tr>
</table>

दफा नं	भौ नं मिति र व्यहोरा	बेरुजू रकम

	खाताबाट खर्च भएको देखिएकाले सो रकम चालु खातामा जम्मा गर्नु पर्ने रु.	१३२२६७२
	३)धरौटी खातामा स्रोत नखुलाई सुर्योदय उर्जा प्रा.ली.ले रु.५००० र रन बहादुर गरंजाले रु.३३४१ दाखिला गरेको रकम आम्दानी बाध्नुपर्ने देखिएको रु.	८३४१
६	मर्मत सम्भार कोषको रकम कर्मचारी कल्याण कोषमा रु.७५००० दाखिला गरेको र मर्मत सम्भार कोषबाट दाखिला गर्नुपर्ने कर रु.१७०५८ चालु खाताबाट खर्च लेखेकाले सम्बन्धित खातामा रकम ट्रान्सफर हुनुपर्ने रु.	९२०५८
७	सुन्दर नेपाल संस्थाबाट लागत साझेदारीमा टनेल खरिद गर्न प्राप्त रकम चालुबाट खर्च भएकाले चालुखातामा ट्रान्सफर हुनुपर्ने रु.	३०००००
८	विभाज्य कोष आम्दानी हुनुपर्ने रु.९६३८४५९ मध्ये रु.६५३३४६० बाडफाड भै बाकी रु.३१०४९९९ हुनुपर्नेमा रु.२६००४०४ विमाज्य कोषमा जम्मा भएको र बाकी रकम रु.५०४५९५ संचित कोष खातामा जम्मा भएकाले सो रकम विभाज्य कोष जम्मा हुनुपर्ने रु.	५०४५९५
९	विभिन्न शिर्षकमा कटटी गरेको अग्रिम कर दाखिला नगरेको रु.	२५१५१६.२८
	जम्मा	२५१६१८२.२८

७४. **रकमान्तर:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । दोस्रो गाउँसभाले विनियोजन गरेको कार्यक्रममा शंसोधन र थप कार्यक्रम ल्याउन विनियोजन ऐन २०७५ लाई प्रथम शंसोधन गरि मौजुदा कार्यक्रमको परिर्वतन गरेको, नयां कार्यक्रम थप गरेको र देहायको शिर्षकमा ०७६ बैशाख २६ को कार्यपालीकाको निर्णय न.१७ ले सवारी साधन लगायतका खर्च नभई बचत रहेको पुजिगत शिर्षकबाट रकमान्तर गरि ऐन विपरित खर्च गरेको देखियो ।

शिर्षक	शुरु बजेट	शंसोधित बजेट	खर्च
मेशिनरी औजार भाडा	३०००००	३२४३००	२४३००
कर्मचारी बैठक भत्ता	३०००००	३९३०००	९३०००
पदाधिकारी बैठक भत्ता	८०००००	९३६०००	१३६०००
सवारी साधन मर्मत खर्च	२०००००	४७०१०८	२७०१०८
करार सेवा शुल्क	४००००००	६१५६२०७	२१५६२०७
मसलन्द कार्यालय सामाग्री	१८०००००	२७३६२८०	९३६२८०
जम्मा	७४०००००	११०१५८९५	३६१५८९५

अनुसूची– १

बराहताल गाउँपालिका
स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तह	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५–९)
१	सुर्खेत	बराहताल गाउँपालिका	७१८४५	१०४७२५	३५००७०	६०३६	४६०८३१	९२१३१	१२३९७२	२६०६२५	४७६७२८	५५९४८

अनुसूची- २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाकी बेरुजू			र्वाकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सुर्खेत	बराहताल गाउँपालिका	५०	२५	५०५०५	०	१	४३०	५०	२४	५००७५	२२९४	४८३०	२२१२५	०	०	२६९५५	०	२०८२६	२०८२६

अनुसूची ३

अद्यावधिक वेरुजू स्थिति
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	सुर्खेत	बराहताल गाउँपालिका	५१९४७	२५८	०	०	५००७५	१०१७६४